नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
नयाँ बानेश्वर, काठमाण्डौ

# सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०

## प्रेश विज्ञप्ती:

मिति :२०८०।०३।०४

सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० को प्रथम बैठक मिति २०८०।०२।२५ गते सम्पन्न गरी कार्यदलले कार्य प्रारम्भ गर्यो । सहकारी क्षेत्रले हाल सामना गरिरहेको समस्या पहिचान गरी सुधारको तत्कालीन र दिर्घकालीन कार्ययोजना प्रश्ताव गर्ने, बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुको अनुगमनका लागि दोस्रो तहको प्रभावकारी अनुगमन संयन्त्र निर्माणको खाका प्रस्ताव गर्ने एवं यस कार्यमा सहकारी विभागबाटै गर्न सकिने सम्भावित सुधार प्रस्ताव गर्ने, सहकारी क्षेत्रको समग्र सन्चालन, व्यवस्थापन र नियमन संघीय शासन प्रणाली मुताविक हुने गरी उपयुक्त संस्थागत एवं संरचनागत व्यवस्थासहित कार्य विस्तृतिकरणको प्रस्ताव पेश गर्ने, सहकारी क्षेत्रको नीतिगत, कानूनी तथा संरचनागत व्यवस्थामा पुनरावलोकन आवश्यक भए सोको लागि सुझाव पेश गर्ने, अन्य केही थप सुझाव भए सोसमेत प्रस्ताव गर्ने आदि कार्यशर्त सहित यस कार्यदलले काम शुरु गरेको बिषय आम सरोकारवालाहरु तथा सर्वसाधारणमा कार्यदल अनुरोध गर्दछ ।

मिति २०८०।०२।२५ गते बसेको कार्यदलको बैठकमा कार्यदलको कार्यशर्तहरुका बारेमा सदस्यहरुका बीच छलफल भयो एवं कार्यदलको कामलाई व्यवस्थित र सुचारु गराउनका लागि आन्तरिक कार्यवीधि एवं कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार गरी आगामी बैठकमा पेश गर्ने निर्णय उक्त बैठकले गर्यो । प्रथम बैठकको निर्णय बमोजिम मिति २०८०।०२।३० गते कार्यदलको दोस्रो बैठक बस्यो । यस बैठकले कार्यदलको आन्तरिक कार्यवीधि एवं कार्ययोजनाको मश्यौदा उपर छलफल गरी प्राप्त पृष्ठपोषण समेतका आधारमा परिमार्जन गरी स्विकृत गर्ने कार्य सम्पन्न गरेको

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
नयाँ बानेश्वर, काठमाण्डौ

छ । सहकारी सम्बद्ध अध्ययन/सन्दर्भ सामाग्रीहरु कार्यदलका सदस्यज्यूहरुलाई वितरण र सहकारी क्षेत्रको विकास, मौजुदा कानूनी व्यवस्था, बर्तमान अवस्था, आगामी मार्गदर्शन लगायतका बिषयमा सहकारी विभागको तर्फबाट प्रस्तुती समेत यसै बैठकमा भयो । विज्ञ सदस्यको नियुक्ती एवं आगामी कार्यदलको बैठकमा कार्यदलका सदस्यज्यूहरुले तत् तत् क्षेत्रका सहकारी सम्बन्धि अध्ययन सामाग्री एवं क्षेत्रगत सूचना एवं जानकारीहरुलाई सदस्यहरु समक्ष एकापसमा आदान-प्रदान गर्ने, विषयबोध गर्ने लगायतका कार्यहरु भैरहेको छ ।

कार्यदलको कार्यअवधिलाई समेत दृष्टिगत गरी तोकिएका कामहरुलाई विभाजन गरी फिल्डस्तरमा गरिने सरोकारवालाहरुसँगको अन्तरक्रिया/छलफल लगायतका कामहरुलाई समेत तिव्रताका साथ अघि बढाउने गरी काम भैरहेको र यस कार्यमा सरोकारवालाहरुको समेत सक्रियता एवं रचनात्मक सुझाव सल्लाह, सूचना, क्षेत्रगत जानकारीको समेत अपेक्षा गरिएको विषय आम सर्वसाधारणमा कार्यदल हार्दिक अनुरोध गर्दछ ।

(सदस्य- सचिव)
सहकारी क्षेत्र सुधार सुझाव कार्यदल,२०८०